**चुला दर्शन :**

किरात राईहरुको सवभन्दा ठूलो देव भनेको नै तीन चुलो हो । यसले घर, दाजुभाई र कुटुम्ब गरी तीन समुहको प्रतिनिधित्व गर्दछ । हरेक किरात राईहरुको साझा विशेषता नै तीन चुलो हो । मुलघर परिवारबाट अलग भएपछि उसले थपना गर्ने पहिलो वस्तु नै चुला हो । सामान्य भात भान्सादेखि कर्म धर्म रीतिथीतिका सम्पूर्ण कुराहरु गर्ने थलो पनि यही चुला नै हो । किरात राईहरुले इतिहासिक पुर्खाहरुलाई खोज्न टाढा जान पर्दैन । यही चुला नै पितृथलो हो ।

किरात राई जाति बिच समान्ता र आस्थाको प्रतिक चुलाको बेग्लै अर्थ रहेको छ । किरात राई जातीले आदिम कालदेखी मानि आएको चुलालाई पित्रीहरु बस्ने खेल्ने पवित्र स्थलको रुपमा मान्दछ । इस्लामको मस्जिद, हिन्दुको मन्दिर, क्रिश्चियनको चर्च, बौदको गुम्बा जस्तै हो किरात राईहरुको चुला । चुलामा ३ वटा ढुङगा गाढिएको हुन्छ । उत्तर तर्फको पहिलो ढुङगाले बंशलाई, दाहिने तिरको दोस्रो ढुङगाले दाजुभाईलाई र देब्रे तर्फको तेस्रो ढुङगाले कुटुम्बलाई ईङिगत गरेको हुन्छ । किरात राईहरुले चुलामा पुर्वजको स्मरण र भक्ति गर्ने गर्दछ । चुलामा आफुलाई जन्म दिने पुर्वज तथा देवी देवताहरुले बास रहेको हुन्छ भनि मान्दछ । चुलालाई ढोग गरे पित्रीहरु खुसी भई चिताएको मनोआकाङक्षा पुरा गरिदिने, धन दौलत र ऐश्वर्य प्राप्त हुने, दुख बिमार नहुने, शिर ठाडो हुने बिस्वास गरिन्छ । बिभिन्न देशहरुबाट बिशेष काम लिई हङकङ आउनुहुने, मौलिक किरात धर्ममा आस्था राख्ने जो कोही किरात राईहरुले हङकङमा रहेको सामुहिक चुला दर्शन गर्ने इच्छा भएमा चुला दर्शन गराईने छ ।

**उदेश्य :**

1. किरात राईहरुको पारस्पारिक सम्बन्धलाई मजबुत बनाउन ।
2. स्वास्थ्य दिर्घायु तथा उत्तरोत्तर प्रगति होस भनि कामना गर्न ।
3. किरात राई यायोक्खा हङकङका गतिबिधि जानकारी गराउन ।
4. किरात राईहरुको धर्म, संस्कार, संस्कृतीको संरक्षण गर्न ।
5. आफुलाई जन्म दिने पुर्वजहरुको स्मरण गर्दै बल शक्ति माग्न ।

**बिधि :**

चुलामा आगो बाल्नु पर्दछ । चुलादर्शन गर्न चुलामा जान अगावै दुबो, तीतेपाती, सेउली र चोखो पानीले छर्केर चोखोनितो भई चुलामा पस्नु पर्दछ । यसो गर्दा चुला दर्शन गर्ने चोखोनितो भई आर्शिबाद मागेको हुनाले पितापुर्खाहरु खुसि भई आर्शिबाद दिनुहुनेछ भन्ने विश्वास गरिन्छ ।

**आवश्यक सामाग्रीहरु :**

1. दुबो, तीतेपाती, सेउली र चोखो पानी
2. काँसेथालमा अलिकति चामल र दियोबत्ति
3. दियो बाल्ने तेल, सलेदो र लाईटर
4. आवश्यक फेटा वा गम्छा

**चुला प्रार्थना :**

हे पितापुर्खाहरुहो,
हे सुम्निमा पारुहाङ ।
हे नागनगेनी, सिमेभुमेहरु हो ।

तपाँईहरुले हामीलाई जन्म दिई,
मानव संसार बसाउनु भयो ।
धर्तीलाई अन्न योग्य बनाई,
हामीलाई बचाउनु भयो ।

हामिले बंश, दाजुभाई, र कुटुम्ब स्वरुप,
तिनचुला स्थापना गरेका छौं ।
समस्त मानव समुदाय र प्रकृति संरक्षणको लागि,
भक्ति भाव गर्दछौं ।

मानव दुख, बिमार, कष्ट सारी दिनु होला,
सुख, सम्बृद्धि र लामो आयु दिनु होला ।
झैझगडा, आपत बिपतबाट जोगाई दिनु होला,
आजको भन्दा अझ अघि बढ्ने, बाटो देखाई दिनु होला ।

कुनै कामको थालनी, कर्मधर्म गर्न अगावै,
सदैव तिन चूला पुजने छु ।
चिताएको काम, मनोआकांक्षा पुरा होस भनि,
चूला प्राथना गर्दछु ।

सदैव किरात धर्म, संस्कार, संस्कृती मान्नेछु ।
सदैव तिन चुलाको रक्षा गर्नेछु ।

कथंकदाचित बाटो बिराएको भए माफी माग्दै,
सदा तिनचुला मान्ने प्रण गर्दछु ।

जय पितापुर्खाहरुहो,
जय सुम्निमा पारुहाङ ।
जय नागनगेनी, सिमेभुमेहरु हो ।

**कार्यक्रमको रुपरेखा :**

1. परिचयात्मक आशन ग्रहण
2. चुल्हा दर्शन तथा उदेश्य बारेमा – उपाध्यक्ष
3. दियो बत्ति बालि चुल्हा ढोग – अतिथिद्वारा
4. प्रार्थना बाचन – संचालक
5. सम्मान (पुरुष भए फेटा वा महिला भए गम्छा)
6. किराया हङकङका गतिविधिबारे जानकारी –
7. अतिथिलाई शुभकामना प्रदान – बिशिष्ट ब्याक्तित्वहरुबाट
8. ब्यक्तिगत परिचय सहित बिचार राख्ने – अतिथिबाट
9. कार्यक्रम समापन – अध्यक्षबाट
10. सगुन बितरण –